# 15. अब्राहामको विश्वासको जाँच गरियो (उत्पत्ति 21:1-7; 22:1-19)

# Abraham's Faith is Tested (Genesis 21:1-7; 22:1-19)

**जडान गर्नुहोस्**

- तपाईं आज केको लागि आभारी हुनुहुन्छ?
- गत हप्ता तपाईंले आफ्नो जीवनमा परमेश्वरले कसरी काम गरेको देख्नुभएको छ?
- तपाईंले जीवनमा कस्ता कठिनाइहरू अनुभव गरिरहनुभएको छ? हामी कसरी मद्दत गर्न सक्छौं?
- तपाईंले पछिल्लो सत्रको खोजलाई कसरी लागू गर्नुभयो? के भयो?
- तपाईंले पछिल्लो सत्रको खोज कससँग साझा गर्नुभयो? उनीहरुको प्रतिक्रिया के थियो ?

**निर्देशन:**

तलका खण्डहरूमा परमेश्वरको सत्यताको खोजलाई मार्गदर्शन गर्न कृपया निम्न चरणहरू प्रयोग गर्नुहोस्। समूह दिशानिर्देशहरू समीक्षा गर्न आवश्यक छ।

**पत्ता लगाउनुहोस्**

**चरण 1-** सहभागीहरूले खण्डको खण्डहरू पालैपालो पढ्छन् (नयाँ शब्दहरू/सर्तहरू स्पष्ट गर्नुहोस्)

**चरण 2-** एक जनाले पूरै खण्ड ठूलो स्वरमा पढ्छन् जबकि बाँकी सुन्छन्।

**चरण 3-** एक सहभागीले खण्डलाई आफ्नै शब्दमा पुन: बताउँछन् (अरूले आफ्ना विचारहरू थप्छन्)

**अब्राहामको विश्वासको जाँच गरियो (उत्पत्ति २१:१-७; २२:१-१९)**

**उत्पत्ति २१:१-७ (Genesis 21:1-7)**

अन्तमा साराको निम्ति एउटा बालक

1 परमप्रभुले सारालाई दया गर्ने प्रतिज्ञा गर्नु भएको थियो। परमप्रभु आफ्नो प्रतिज्ञा अनुसार साराप्रति
दयालु हुनुभयो। 2 सारा गर्भवती भइन अनि तिनले बृद्धाअवस्थामा अब्राहामको निम्ति एउटा छोरा
जन्माइन्। ठीक समयमा परमेश्वरले जे वचन दिनु भएको थियो त्यो पुरा भयो। 3 साराले तिनको निम्ति
एउटा छोरो जन्माएकी थिइन् उसको नाउँ अब्राहामले इसहाक राखे। 4 परमेश्वरको आज्ञा अनुसार त्यो
बालक आठ दिनको हुँदा अब्राहामले उसको खतना गराए। 5 अब्राहाम एक सय बर्ष पुग्दा उसको छोरो
इसहाक जन्मियो। 6 अनि साराले भनिन्, "परमेश्वरले मेरो निम्ति हाँसो ल्याउनु भएको छ, प्रत्येक मानिस
जसले यो सुन्छ मसँग हाँस्नेछ। 7 कसैले पनि त्यो सोचेको थिएन अब्राहामको बुढेसकालमा साराले
तिनलाई एउटा छोरो जन्माउनेछिन्। तर मैले बूढो अब्राहामको निम्ति छोरो जन्माइ दिएँ।"

## उत्पत्ति २२:१-१९ (Genesis 22:1-19)

अब्राहाम, तेरो छोरोलाई मार

1 ती कुराहरू भइसकेपछि परमेश्वरले अब्राहामको जाँच लिने निर्णय लिनु भयो। परमेश्वरले तिनलाई
भन्नुभयो, "अब्राहाम!" अनि अब्राहामले भने, "हजुर!" 2 तब परमेश्वरले भन्नुभयो, "मोरीयाह भूमिमा
तिम्रो छोरोलाई लैजाऊ। मोरीयामा मेरो निम्ति बलिदान स्वरूप तिम्रो छोरो बलि देऊ। तिम्रो छोरो चाँहि
इसहाक हुनु पर्छ तिम्रो एउटा छोरा जुन छोरालाई तिमी बढी माया गर्छौ। त्यहाँको कुनै एउटा पर्वतमा तिम्रो
छोरोलाई होमबलि चढाऊ। कुन चाँहि पर्वतमा बलिदान चढाउनु पर्छ त्यो म बताउनेछु।" 3 बिहान
अब्राहाम उठे अनि गधामा लगाम कसे। अब्राहामले आफूसँग छोरो इसहाक र दुइ जना नोकरहरू पनि
लगे। तिनले बलिको निम्ति दाउरा काटे अनि परमेश्वरले बताउनु भएको ठाउँमा गए। 4 तीन दिनसम्म यात्रा
गरेपछि अब्राहामले माथितिर हेरे अनि तिनीहरू जानु पर्ने ठाउँ देखे। 5 त्यसपछि अब्राहामले
कमाराहरूलाई भने, "गधासित यही पर्ख। म छोरोसित त्यस ठाउँमा जानेछु, अनि उपासना गर्नेछौं। अनि
केही बेरपछि तिमीहरू भएको ठाउँमा हामी फर्कन्छौ।" 6 अब्राहामले होमबलिको निम्ति दाउरा उठाएर
छोरोको काँधमा राखि दिए। तिनले एउटा विशेष काट्ने हतियार र आगो पनि लगे। त्यसपछि अब्राहाम र
तिनको छोरो आराधना गरिने ठाउँमा गए। 7 इसहाकले आफ्नो पिता अब्राहामलाई सोध्यो, "बुबा!"
अब्राहामले उत्तर दिए, "भन, छोरा।" इसहाकले भने, "म दाउरा र आगो देख्छु तर होम बलिको निम्ति
दिनु पर्ने थुमाचाहिँ कहाँ छ?" 8 अब्राहामले उत्तर दियो, "छोरो परमेश्वर आफैंले बलिदानको निम्ति थुमा

बन्दोबस्त गरिदिनु हुँदैछ।" यसरी अब्राहाम र तिनको छोरो इसहाकसँगै बलिदिने ठाउँमा पुगे। 9 तिनीहरू
त्यही निर्दिष्ट जग्गामा पुगे जहाँ परमेश्वरले अह्राउनु भएको थियो। त्यहाँ अब्राहामले वेदी बनाए अनि
त्यसपछि वेदी माथि दाउरा राखेर आफ्नो छोरोलाई बाँधी वेदीमाथि राखिएको दाउरामाथि राखे। 10 तब
तिनले काट्ने हतियार लिएर इसहाकलाई मार्न तत्पर भए। 11 तर अब्राहामलाई परमप्रभुका स्वर्गदूतले
बाधा दिए। स्र्वगबाट स्वर्गदूतले बोलाए अनि भने, "अब्राहाम, अब्राहाम!" अब्राहामले उत्तर दिए,
"हजूर।" 12 स्वर्गदूतले भने, "तिम्रो छोरोलाई नमार। उसलाई कुनै प्रकारको चोट पनि नलागोस्। मैले
साँच्चै नै थाहा पाएँ तिमीले परमेश्वरलाई सम्मान गर्छौ अनि उहाँको आज्ञा पालन गर्छौ। तिमीले आफ्नो
एक मात्र छोरोलाई मेरो निम्ति मार्न तयार भएको पनि मैले देखें।" 13 तब अब्राहामले त्यहाँ एउटा थुमा
देखे। त्यो भेंडाको पाठाको सींङ पोथ्रामा अड्किएको थियो। यसर्थ अब्राहामले त्यो थुमालाई मारे अनि
आफ्नो छोराको बलिको सट्टामा त्यसलाई परमेश्वरको बलिदानको रूपमा चढाए। 14 यसकारण
अब्राहामले त्यस ठाउँको नाउँ, "यहोवा यिरे" राखे। आज पनि मानिसहरूले भन्छन, "यस पर्वतमाथि
परमप्रभुलाई देख्न सकिन्छ।" 15 परमप्रभुका स्वर्गदूतले दोस्रो पल्ट अब्राहामलाई बोलाए। 16 ती
स्वर्गदूतले भने, "तिमीले मेरो निम्ति आफ्नो छोरो मार्न तत्पर थियौ, यसर्थ तिमीले यस्तो गरेको हुनाले म
यो प्रतिज्ञा गर्छु। 17 म तिमीलाई साँच्चो रूपले आशीर्वाद दिन्छु। म तिमीलाई आकाशका ताराहरू भन्दा
धेरै सन्तान दिन्छु। तिम्रा मानिसहरू समुद्रको किनारमा भएको बालुवाको कणभन्दा पनि वेशी हुनेछन्।
अनि ती तिम्रा मानिसहरू आफ्ना आफ्नो शत्रुहरूका शहरहरू जितेर बस्नेछन्। 18 अनि तिम्रा
सन्तानहरूले संसारका सबै राष्ट्रहरूले आफ्ना निम्ति आशीर्वादको रूपमा पाउनेछन्। म यसै गर्नेछु
किनभने तिमीले मेरा आज्ञाहरू मानेकाछौ।" 19 त्यसपछि अब्राहाम आफ्नो नोकरहरू भएको ठाउँमा गए।
तिनीहरू सबै बर्शेबा फर्के अनि अब्राहाम त्यहाँ धेरै समयसम्म बसे।

---

(नेपाली बाइबल: पढ्न सजिलो संस्करण। प्रतिलिपि अधिकार © 2004, 2010 बाइबल लीग इन्टरनेशनल । सबै अधिकार सुरक्षित छन्।)

**सोध्नुहोस्/उत्तर:**

- यो खण्डको अर्थ के हो?
- यो खण्डमा तपाईलाई के मनपर्छ/मनपर्दैन?

**जवाफ दिनु : यदि यो सत्य हो भने...**

• यसले तपाईंको जीवन शैली कसरी परिवर्तन गर्नुपर्छ?

• तपाई आजको खोज कसलाई साझा गर्नुहुनेछ?

• खण्डले तपाईंले परमेश्वर/मानिसहरूलाई हेर्ने तरिकालाई कसरी परिवर्तन गर्छ?

**बन्द गर्नुहोस्**

• समूह फेरि कहिले भेट्ने निर्णय गर्नुहोस्।

• प्रार्थनामा बन्द गर्नुहोस्। (माथि उल्लेखित आवश्यकताहरूको लागि)

(अनुवादक: कृशान्त रौनियार। हाम्रो प्रभु येशूको नाममा जयमशी)